# प्रेस विज्ञप्ति

## सञ्चार तथा सूचना प्रविधि मन्त्री र नेपालका लागि संयुक्त राष्ट्र संघका आवासीय संयोजक सहितको प्रतिनिधि मण्डल बीच भेटघाट

सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री जगदीश खरेल र नेपालका लागि संयुक्त राष्ट्र संघका आवासीय संयोजक श्री Hanna Singer-Hamdy, नेपालका लागि युनएनडिपिका आवासीय प्रतिनिधि श्री Kyoko Yokosuka तथा नेपालका लागि युनेस्को प्रतिनिधि श्री Jaco du Toit बीच आज मिति २०८२ असोज २३ गते विहीबारका दिन सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबारमा शिष्टाचार भेट सम्पन्न भयो । उक्त अवसरमा नेपाल तथा संयुक्त राष्ट्र संघ बीचको ऐतिहासिक सम्बन्ध तथा संयुक्त राष्ट्र संघले नेपालको सामाजिक-आर्थिक विकासमा पुन्याइरहेको योगदानका बारेमा छलफल भयो ।

उक्त छलफलमा सञ्चार तथा सूचना प्रविधि मन्त्री खरेलले नेपालको विद्यमान विशिष्ट परिस्थितिको बारेमा उल्लेख गर्दै संयुक्त राष्ट्र संघ र संघ अन्तर्गतका निकायहरुले पुन्याइरहेको निरन्तर सहयोगको सराहना गर्नु भयो । प्रतिनिधि मण्डलका सदस्यहरुले सञ्चार तथा सूचना प्रविधि मन्त्रीलाई बधाई तथा शुभकामना व्यक्त गर्नु भयो । युएनडिपिका तर्फबाट नेपालका लागि आवासीय प्रतिनिधिले नेपालको डिजिटल रूपान्तरण, मिडिया साक्षरता र शासकीय सुधार जस्ता क्षेत्रमा सहकार्य गर्न इच्छुक रहेको जानकारी गराउनु भयो । त्यसैगरी आगामी २०८२ फागुन २१ मा हुने आम निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष तवरमा सम्पन्न गर्नका लागि पुन्याउन सकिने आपसी सहयोगका सम्बन्धमा समेत छलफल भयो ।

मिति २०८२ असोज २३, विहीबार ।

CamScanner